## मिति २०८०।०३।२० गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को १९ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** गैंडकोट नगरपालिकाको १३ औं नगर सभा अधिवेशनको बिषयमा बैठकमा समिक्षा गरियो साथै नगरपालिकाको विकास निर्माण एवं सेवा प्रवाह लगायतका कार्यमा सहयोग गर्ने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, स्थानीय राजनीतिक दलहरु, आम नागरिक, पत्राकार जगत, संघ संस्था सबैमा हार्दिक धन्यवाद दिदै आगामी दिनहरुमा समेत यसै बमोजिमको सहयोग समन्वय र सहकार्यको लागि हार्दिक आग्रह गर्दै नगर अधिवेशनलाई सफलतापूर्व सम्पन्न गर्न सहयोग पु-याउनु भएकोमा सबैमा धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं.२** गैंडकोट नगरपालिकाको शिक्षा ऐन, २०७९ मा भएको व्यवस्था अनुसार नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालय व्यवस्थापन समिति गठनका लागि गरिएको पटक पटकको निर्देशन बमोजिम हालसम्म पनि केही विद्यालयहरुमा व्यवस्थापन समिति गठन नभएको पाईएकोले त्यस्ता विद्यालयहरुलाई यथाशीघ्र विद्यालय गठनको प्रक्रिया टुङ्ग्याउन निर्देशन दिने र शिक्षा ऐन अनुसार समिति गठन नभएका विद्यालयहरुको आगामी श्रावण १ गते देखि खाता रोक्का गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** गैडाकोट नगर कार्यपालिकाको कार्यालय वा अन्तरगत स्वीकृत स्थायी/अस्थाई दरबन्दीमा करार तथा ज्यालादारीमा यस पूर्व कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर सन्तोषजनक नै पाईएकोले त्यस्ता कर्मचारीहरुको सेवा आगामी पौष मसान्त सम्म नवीकरण गर्ने तथा "भूमिहीन दलित भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र" मा कार्यरत दुईजना डाटा ईन्ट्री अपरेटरलाई "नागरिक सेवा केन्द्र" मा सहायक कर्मचारिको रुपमा अस्थाई दरवन्दीमा काम गर्ने गरी जिम्मेवारीमा लगाउने र अन्य सर्भेक्षक, डाटा ईन्ट्री अपरेटर, अमिन र सामाजिक परिचालक समेतलाई कार्यालयको अन्य काममा समेत आवश्यकता अनुसार परिचालन गर्ने गरी आगामी पौष मसान्त सम्म करार सेवा नवीकरण गर्ने निर्णय गरियो । १३ नं. वडा कार्यालयको स्वीकृत दरवन्दीमा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी र नगर कार्यपालिकाको कार्यालयमा स्वीकृत दरवन्दीमा दैनिक ज्यालादारीमा कार्यरत ड्राईभरलाई मासिक रुपमा सोही पदका अन्य कर्मचारीले पाउने सरह पारिश्रमिक पाउने गरी करार सम्झौता गरी काममा लगाउने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगर कार्यपालिकाको कार्यालय र नगर अस्पतालको सुरक्षाको लागि गत आ.व. देखि निरन्तर सेवा प्रदान गरेको सेवा प्रदायक संस्थाको सेवा सन्तोषजनक देखिएकोले आगामी आ.व. २०८०/०८१ देखि लागू हुने गरी साविकको सेवा सम्झौतामा उल्लेखित रकममा १० प्रतिशत बृद्धि हुने गरी सेवा सम्झौतालाई अर्को व्यवस्था नभएसम्मका लागि आगामी आर्थिक वर्षको लागि नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगर कार्यपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार सञ्चालन ल्याउन लागेको नागरिक सेवा केन्द्रको लागि आवश्यक पर्ने सञ्चालन कार्यविधि तयार गरी पेश गर्न कार्यालयलाई सैद्धान्तिक स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** संघीय सरकारबाट सरकारी स्वास्थ्य संस्थामा प्रसुती हुने महिलाहरुलाई उपलब्ध गराउने यातायात खर्च र उत्प्रेरणा खर्च उक्त शिर्षकमा संघीय सरकारबाट प्राप्त रकमबाट उपलब्ध गराउन नपुग भएकोले यसरी नपुग हुने रकम आन्तरीक स्रोत तर्फबाट विनियोजित सुत्केरी आमा पोषिलो खाना शिर्षकबाट उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

रिजाल
प्रमुख प्रशासकीय अधिकृत

कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ७** गैंडाकोट नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था/विद्यालयहरुमा कार्यरत स्वास्थ्य सेवा तर्फका स्थायी/करार कर्मचारीहरुको संघीय सरकारबाट प्राप्त शसर्त अनुदान रकमबाट तलब भुक्तानी गर्न रकम नपुग हुने भएकोले नपुग बराबरको रकमलाई नगरपालिकाको कर्मचारी पारिश्रमिक शिर्षकबाट उपलब्ध गराउने गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकामा रहेका भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागि परामर्श सेवा मार्फत विभिन्न वडामा राख्ने नाँपजाँच विन्दुको लागि नर्म्स स्वीकृत गर्ने र उक्त जग्गा नापजाँच गर्ने प्रयोजनका लागि आवश्यक पर्ने एक थान TS Machine खरिद गरी सो रकम सम्बन्धित शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको वडा नं. ६ मा प्रस्तावित गरिएको फोहोरमैला प्रशोधन केन्द्र, पार्क एवं अध्ययन केन्द्र निर्माणका लागि तयार भई पेश भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** गैंडाकोट नगरपालिकाको मिति २०८०/०२/०५ मा बसेको १५ औं नगर कार्यपालिका बैठकबाट गठन गरिएको गैंडाकोट नगरपालिकाका विभिन्न वडाहरुलाई चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रबाट हटाउन लागि पहल गर्ने प्रयोजनका लागि गठन गरिएको समितिमा एक जना समिति सदस्यको रुपमा वडा नं. १६ का वडा अध्यक्ष श्री विनोद कुमार मल्ललाई थप गर्ने, र उक्त समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने गरी कार्यालयका अधिकृत छैटौं श्री शंकर कँडेललाई तोक्ने निर्णय गरियो।

**निर्णय नं. ११** भूउपयोग ऐन २०७६ तथा भूउपयोग नियमावली २०७९ बमोजिम गैंडाकोट नगरपालिकाको स्थानीय भूउपयोग परिषदले गरेको जग्गा वर्गीकरणमा हालको कित्ता नापी नक्सा अनुसार विवरण अद्यवधिक (Operlap) गरिदिनको लागि यस कार्यालयबाट नापी विभागलाई पत्राचार गरिएकोमा नापी विभागको प.सं/च.नं.१८७ मिति २०८०/०२/१४ गतेको पत्रानुसार जिल्ला नापी कार्यालयबाट उक्त कार्य सम्पन्न भएको भनी प.सं/च.नं. १४५० मिति २०८०/०२/२८ को पत्रसहित अद्यावधिक विवरणहरु प्राप्त भएको छ। नापी कार्यालयको प.सं/च.नं. १५२५ मिति २०८०/०३/१० को पत्रबाट उक्त कार्य सम्पन्न गर्न लागेको खर्च उपलब्ध गराईदिन अनुरोध भई आएकोले सो कार्यालयबाट माग भई आएको रकम मध्ये उल्लेखित अवधिमा खर्च भएको रकम रु. २,५४,७५०/-नापी कार्यालय कावासोतीबाट सिफारिस भई आएका व्यक्ति/संस्थालाई अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ११** चितवन लक्की फिल्मी अवार्ड २०८० आयोजनाको क्रममा यस नगरपालिकाबाट भएको प्रायोजन बापतको रकम रु. ५००००/- लक्की मिडिया हाउस भरतपुर, चितवनलाई अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिका वडा नं. १६ निवासी लाल बहादुर कँडेल विपद्जन्य दुर्घटनामा परी पानीमा डुवेर मिति २०८०/०३/१९ मा मृत्यु भएकोले सम्बन्धित वडाको सिफारिस तथा प्रहरी मुचुल्का समेतका आधारमा निजको परिवारलाई रु. ५००००/- राहत राहत उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १३** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ६३०८२ मिति २०८०/०३/०६ गतेको पत्रका विषयमा बैठकमा छलफल गरियो साथै पत्रबाट उल्लेख भएको "स्थानीय तहहरुले सडक निर्माण गर्नका लागि बजेट बिनियोजन गर्न पूर्व सडक बनाउने जग्गाको स्वामित्व सरकारको नाममा भए/ नभएको यकिन गर्ने/गराउने तथा जग्गाको स्वामित्व सरकारको नाममा आएपछि मात्र बजेट विनियोजन गर्ने/गराउने" सुझाव कार्यान्वयनका सन्दर्भमा आगामी आर्थिक बर्ष

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

देखि गैंडाकोट नगरपालिकाले पनि उक्त सुझाव कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** गैंडाकोट नगरपालिकामा संचालनमा रहेको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम कार्यान्वयनका निम्ति हाल कार्यरत संस्था हिमालयन सामुदायिक मञ्च कावासोतीलाई आर्थिक बर्ष २०८०/०८१ का लागि संस्थाको सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** नगर कार्यपालिकाको कार्यालयबाट व्यवस्थापन भएका तपशिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२९ बमोजिम देहाय बमोजिम म्याद थप गरी आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | सम्झौता बमोजिमको कार्यसम्पन्न गर्नुपर्ने समय | नयाँ कार्य सम्पन्न गर्नु पर्ने म्याद |
|---|---|---|---|---|
| १ | 05/GM/NCB/2079-080 | Construction of RCC store building, Mosaic Parking Tile laying, Bio- Engineering and Landscaping work at Gaindakot Municipality | 32th Jestha 2080 | 5/31/2080 |
| २ | 06/GM/NCB/2079-080 | Upgrading(Blacktopping) of Different Roads at Gaindakot Municipality, Ward no. 2 and 6 | 15th Ashad 2080 | 6/30/2080 |
| ३ | 07/GM/NCB/2079-080 | Upgrading(Blacktopping) of Different Roads at Gaindakot Municipality, Ward no. 1 and 5 | 20th Ashad 2080 | 6/30/2080 |
| ४ | 08/GM/NCB/2079-080 | Upgrading(Blacktopping) of Different Roads at Gaindakot Municipality, Ward no. 14 and 15 | 20 th Ashad 2080 | 6/30/2080 |
| ५ | 10/GM/NCB/2079-080 | Construction and Upgrading of Gaindakot Ring Road, Gaindakot Municipality Ward no. 10-17, Nawalpur | 20th Ashad 2080 | 12/30/2080 |

**निर्णय नं. १६** गैंडाकोट नगरपालिका अन्तरगतका विभिन्न वडा समिति, नगर कार्यपलिकाको कार्यालय, नगर प्रमुख र कार्यपालिकाबाट विभिन्न समयमा भएका निर्णयका आधारमा भएका विनियोजन/रकमान्तरलाई समर्थन गर्दै हालसम्म नगरबाट भएका आदेश/सम्झौताका आधारमा कार्यान्वयन गरिएका विभिन्न योजना तथा आकस्मिक कार्यमा भएका खर्चको नगरको आन्तरिक श्रोतबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख